नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २७६ २०८१ साल जेठ २८ गते सोमबार (10 June 2024 Monday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : किन ओझेलमा पर्‍यो दलित... ३ पृष्ठमा : 'कार्यविधि बनाएर विकास... ३ पृष्ठमा : मध्य गाजाको नुसिरात...

## हावाहुरीले एक करोड भन्दा बढीको क्षति

# पूर्णरुपमा विद्युत सूचारु गर्न अझ केही दिन लाग्ने : विद्युत प्राधिकरण



**दैनिक समाचारदाता**
**राजविराज, २७ जेठ ।**

सप्तरीमा पाँच दिन अघि आएको भिषण हावाहुरीले जिल्लाको विद्युत क्षेत्रमा एक करोड भन्दा बढीको क्षति भएको जनाइएको छ ।

हावाहुरीका कारण जिल्लाको दर्जनौ स्थानमा विद्युत पोल ढलेर तथा मँहगो विद्युतीय उपकरणहरु पडकेर नष्ट भइ एक करोड भन्दा बढीको क्षति भएको विद्युत प्राधिकरण केन्द्र राजविराजले जनाएको छ ।

केन्द्रका प्रमुख राम लखन लालाले बुधवार दिउँसोको हावाहुरीले जिल्लाका विभिन्न स्थानमा दर्जनौ विद्युतीय पोलहरु ढलेर क्षतिग्रस्त भएको जानकारी दिँदै कतिपय ठाउँमा ट्रान्सफरमर तथा अन्य उपकरण समेत नष्ट भएको बताए ।

उनले क्षतिको विवरण अझै संकलन गर्ने कार्य भइरहेको बताए । हावाहुरीले ठाउँ ठाउँमा विद्युतीय पोल ढलेको तथा कतिपय ठाँउमा भाँचेकोले विद्युत सूचारुमा समस्या भएको उनले बताए ।

हावाहुरीले प्रसारण लाईनमा खराबी आउँदा प्राधिकरणका कर्मचारी मर्मतका लागी दिनरात खटिरहेको तथा विद्युत समय समयमा अवरुद्ध हुनुमा मौसम नै मुख्य चुनौती रहेको बताउँदै उनले विजुली सूचारु गर्नका लागी प्राधिकरणका सबै जनशक्ती परिचालन गरिएको जनाए ।

उनले मर्मत कार्य आईतवार पनि जारी रहेको बताउँदै पूर्णरुपमा विद्युत सूचारु गर्न अझ केही दिन लाग्ने बताए । लामो समय सम्म विद्युत अवरुद्ध हुदा यहाँका कतिपय उधोगमा समेत प्रत्यक्ष असर पुगेको छ । यस्तै भिषण गर्मीका बेला घण्टौ विद्युत अवरुद्ध हुँदा आमउपभोक्ता पनि सास्ती खेप्न बाध्य भएका छन् ।

हुरीले दर्जनौ घर, गोठ, विद्यालय, मठमन्दिर र विद्युतीय क्षेत्रमा क्षति पुऱ्याएको र क्षति विवरण संकलन कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

यता भिषण हावाहुरीबाट पीडितहरुको संख्या बढदै गएको छ । बुधवार साँझ आएको हावाहुरीले कतिपय घर, कार्यालय, विद्यालय, मठमन्दिर, गोठ, विद्युतीय पोल लगायतमा क्षति पुऱ्याएको थियो ।

यसै क्रममा राजविराज ९ स्थित आधुनिक माछा, पशु, फलफुल तथा तरकारी उत्पादन कृषि फर्ममा हावाहुरीले लाखौको क्षति भएको भन्दै संचालकले सहयोगका लागी वडा कार्यालयमा आईतवार निवेदन दिएका छन् ।

संचालक सदरुल मियाँका अनुसार हावाहुरीले फर्मको छाना, ओभरट्याँक, अन्नवाली, बाखा खोर लगायत सरसमान नष्ट भएको छ । उनले फर्म परिसरमा रहेको विद्युतीय पोल र उपकरणहरु समेत नष्ट भई करिब ६ लाखको क्षति भएको बताए ।

वडा अध्यक्ष जवाहर यादवले पाँच दिन अघि आएको भिषण हावाहुरीको वितण्डाले सदरुल मियाँको घर र फर्म संगै वडाका अन्य केही घर र फर्ममा पनि लाखौको क्षति भएको बताउँदै उनले सबै पीडितलाई सहयोग गर्न आफूले वडा कार्यालयबाट सम्बन्धित निकायमा सिफारिस सहितको पत्राचार गर्ने बताए ।

## चोरीको मदिरा सेवन गरी वर्कशपमा चोरी



**दैनिक समाचारदाता**
**राजविराज, २७ जेठ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाको मुख्य बजारका दुई पसलमा शनिबार मध्यराती चोरी भएको छ ।

नगरपालिकाको वडा नम्बर ५ पातो बजार स्थित माँ डाक्नेश्वरी भगवती मोटरसाइकल वर्कशप र चौधरी कोल्ड एण्ड होटलमा कोही नभएको अवस्थामा मध्यराती चोरी भएको हो । चोरी भएको उक्त पसलहरु इलाका प्रहरी कार्यालय पातोबाट २ सय मिटरको दुरीमा मात्र रहेको छ ।

वर्कशपका संचालक संजिव मण्डलका अनुसार चोरले ढोका

***बाँकी दुई पृष्ठमा***

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
➢वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
➢वातावरणीय प्रदूषण बढाउँछ,
➢भू-क्षय बढाउँछ,
➢पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# किन ओझेलमा पर्‍यो दलित इतिहास ?

**राजकुमार दिक्पाल**
काठमाडौँ, २७ जेठ (रासस)।

हाम्रो देशमा इतिहासका विविध विषय छन्। कैयौँ विषय यस्ता छन्, जो लेख्न बाँकी नै छ। देख्दा साधारण जस्ता लाग्ने तर कतिपय गम्भीर विषयहरूमाथि नेपालका इतिहासकारहरूको कलम चलेको पाइँदैन। यस्ता गम्भीर विषयमध्ये एक हो, दलित उत्पीडितहरूको इतिहास। दलित उत्पीडितहरूको इतिहास लेखनका लागि स्वयं यस समुदायका इतिहासकारको उपस्थिति नदेखिदा र गैरदलित समुदायका इतिहासकारले उनीहरूको इतिहासको खोजी र लेखनप्रति उत्साह नदेखाउँदा नेपालका दलितहरूको इतिहास ओझेलमा पर्न पुगेको छ। युगौँदेखि छुवाछूतको मारमा परेको यो समुदायको सवालको प्राज्ञिक उत्थानका लागि पनि उनीहरूको छुट्टै इतिहास लेखनको आवश्यकता देखिन्छ।

छुवाछूतको प्रचलन कहिलेदेखि चल्यो, कुन कारणले यी श्रमिक र सिल्पी समुदायलाई छुवाछूतको सिकार बनाइयो भन्ने बहस त भइरहेकै छ। उनीहरूको उत्थान र मुक्तिका लागि सरकारी तथा गैरसरकारी तहबाट केही प्रयासहरू भइरहेकै छन्। तर इतिहास लेखनमार्फत् पनि दलित तथा उत्पीडित वर्गलाई जुन प्रकारले प्राज्ञिक जगतबाट सम्बोधन हुनुपर्ने हो, यस्तो प्रयास भने हुन सकेको छैन। त्यसैले दलित उत्पीडित समुदायको छुट्टै इतिहास लेखन आइतबारको एक प्राज्ञिक आवश्यकता हुन पुगेको छ।

दलित उत्पीडितहरूको इतिहास लेख्ने क्रममा सोही समुदायका बौद्धिक व्यक्तित्वहरू पद्मलाल विश्वकर्मा, यामबहादुर किसान, रविमान लम्जेल र गणेश विकेको संयुक्त लेखनमा "नेपाली दलित आन्दोलनको संक्षिप्त इतिहास" (२०६३) प्रकाशित भएको पाइन्छ। यस पुस्तकले पृथ्वीनारायण शाहको समयमा सक्रिय बिसे नगर्ची, यखाजङ्ग विश्वकर्मालगायतका अगुवाहरूको सक्रियतालाई छिटपुट रूपमा समेटेर हालसम्म भएका दलित आन्दोलनको चर्चा गरेको छ।

इतिहासको स्रोतका रूपमा शिलालेखहरूको उपलब्धताको हिसाबले इतिहासकारहरूले लिच्छवीकाललाई स्वर्णयुग मान्दै आएका छन्। इतिहासकारहरूले काल निर्धारण गरेअनुसार नेपाल संवत सुरु हुनुभन्दा अघिको काललाई प्राचीनकाल, त्यसपछि मध्यकाल र पृथ्वीनारायण शाहको समययतादेखिको काललाई आधुनिककाल मान्दै आएका छन्। यसअनुसार प्राचीनकाल र मध्यकालको इतिहास लेख्ने इतिहासकारहरूले दलितहरूको अवस्थाबारे ऐतिहासिक विवेचना गरेको त्यति पाइँदैन। नेपाली इतिहासको खोजीले त्यसतर्फ पनि चासो राख्ने ठाउँ प्रशस्तै रहेको छ। पृथ्वीनारायण शाहकालीन बिसे नगर्चीबारे पनि गम्भीरतापूर्वक इतिहास खोजी हुनै बाँकी छ।

**बिसे नगर्ची: ऐतिहासिक व्यक्तित्व**

पृथ्वीनारायण बिसे नगर्चीलाई नाटक, कविता आदिको माध्यमबाट चर्चाको चुलीमा पुर्‍याइँदै आएको छ। त्यसैले उनी कतै साहित्यिक विधाको पात्र मात्रै त होइन भन्ने भ्रम पनि पर्न जान्छ। तर बिसे नगर्ची पृथ्वीनारायण शाहको समयमा भएका विभिन्न युद्धहरूको मोर्चामा सक्रिय एक योद्धा पनि थिए भन्ने ऐतिहासिक तथ्य विभिन्न स्रोतहरूमा पाइन्छ। उनी १८०१ सालमा नुवाकोटको युद्धमा तीनघारेतिरबाट बढेको युद्धमोर्चामा पृथ्वीनारायण शाहका साथ सामेल थिए। गोरखालीहरूले असोज १५ गते नुवाकोट जित्दा विजयोत्सवमा बिसे नगर्चीले नगरा घन्काउँदा उनलाई बानादार दमाई र मणिराम गाइनेले साथ दिएका थिए।

विसं १८१२ मा साउनमा लमजुङसँग सिरानचोकमा गोरखालीको युद्ध हुँदा त्यहाँ पनि बिसे नगर्ची सक्रिय थिए। युद्धमा गोरखालीको जीत हुँदा हारेका लमजुङे सैन्य अधिकारीहरूको अपमान गर्न बिसे नगर्चीको धोती टाँगेर उनीहरूलाई धोतीमुनि छिर्न लगाई बेइज्जत गरिएको ऐतिहासिक प्रसङ्ग भाषा वंशावलीमा पढ्न पाइन्छ।

अहिले पनि बिसे नगर्चीका सन्तति गोरखामा रहेका छन्। उनीहरूसँग बिसे नगर्चीको नाम उल्लेख भएको रुक्का सुरक्षित रहेका छन्। तीमध्ये १८४६ माघ सुदी १५ मा जारी रुक्कामा "केही जग्गा जमिनको जागिर विस्याको नाउमा गयाको रहेछ, त्यो जग्गा उसैको छोरो दुब्ल्यालाई बक्स्यौँ" भन्ने प्रसङ्ग परेको छ। यसअनुसार बिसे नगर्चीको छोराका नाम दुब्ल्या अर्थात् दुब्ले रहेको देखिन्छ। यस्ता ऐतिहासिक स्रोतहरूबाट पनि बिसेलगायतका ऐतिहासिक व्यक्तित्वहरूको छुट्टै इतिहासको खोजी गर्न सकिन्छ।

**जङ्गबहादुरको दृष्टिमा दलित**

दलित उत्पीडित समुदायको इतिहासको खोजीका क्रममा तत्कालीन शक्तिशाली प्रधानमन्त्री जङ्गबहादुर राणाको एक अभिव्यक्तिलाई गम्भीरतापूर्वक नियाल्नु जरुरी छ। दलितहरूको सीप, श्रम र सिर्जनाका बारेमा जङ्गबहादुर गम्भीर र संवेदनशील थिए। उनले दलित समुदायको महत्वलाई बुझेका थिए। यसबारेमा उनले आफू बेलायत भ्रमणका बेला यता कार्यवाहक प्रधानमन्त्री रहेका आफ्ना भाई बमबहादुरलाई आफ्नै हस्ताक्षरमा लेखेको पत्रलाई उदाहरणका रूपमा लिन सकिन्छ।

त्यसबेला उनले आफ्ना भाइलाई लेखेको पत्रमा कामी, सार्की, दमाई, कर्मीहरूको जागिर नखोस्नू भन्ने आदेश दिएका छन्। पत्रमा "कामी, सार्की, दमाई, कर्मी खोसे इलम पनि बिग्रन्छ। कारखाना पनि बिग्रन्छ। कोते, पिपा, जमादार, खलासी एक पनि नखोसेस्। यिनलाई खोस्नु बडो अनविवेक हुन्छ, किनभने यी थोरै खाई धेरै काम गर्छन्" भन्ने परेको छ। यताबाट हेर्दा दलित उत्पीडितले थोरै ज्याला लिएर धेरै र राम्रो काम गर्ने भएकोले उनीहरूको जागिर खोसिदिदा कारखाना चल्न नसक्ने र त्यस्तो काम गर्नु विवेकसम्मत नहुने धारणा जङ्गबहादुरको रहेको देखिन्छ।

दलित उत्पीडितहरूको श्रम र सीपले सामान्य नागरिकको दैनिक जीवनमा उपयोग हुने सामग्रीको आपूर्ति त हुन्थ्यो नै, अझ जङ्गबहादुरको समयमा स्वचालित उपकरणहरूको विकास भइनसकेको अवस्थामा हातैले काम गरेर सैन्य प्रयोजनका हतियार कारखाना चलाउनुपर्ने अवस्था थियो। हतियारका लागि फलामको काम अनिवार्य हुन्थ्यो। यस्ता कारखानामा छालाको काम पनि अनिवार्य थियो। त्यसैले त्यसबेला मेगेजिन अड्डा नाम दिइएको हतियार कारखानामा आरन फाँट र सार्की फाँट हुन्थ्यो। सैनिकहरूका लागि जङ्गी पोशाक तयार गर्न दमाईहरूको श्रम र सीपको प्रयोग हुन्थ्यो।

त्यसबेला सरकारबाट कर उठाउनका लागि जारी भएका ऐतिहासिक कागजपत्रहरूमा कम्पु तथा मेगेजिन करबारे उल्लेख छ। कम्पु भनेको सैनिक पल्टन हो भने मेगेजिन अड्डा भनेको हतियार कारखाना हो। यस्तै पुराना कागजपत्रहरूमा सार्कीको पलेटी, कामीको ताल, दमाईको सुजेरो भन्ने पनि उल्लेख गरिएको पाइन्छ। यी सबै दलित तथा उत्पीडित समुदायका श्रमिकहरूले गर्ने कामहरू हुन्। दलित तथा उत्पीडित समुदायको श्रम र सीपलाई राम्ररी नियालेका जङ्गबहादुरले हचुवाको भरमा कामी, सार्की, दमाईको जागिर नखोस्नू, उनीहरूको जागिर खोसिए इलम पनि बिग्रन्छ, कारखाना पनि बिग्रन्छ भनेका होइनन्।

**सबाल्टर्न दर्शनको उपयोग**

नेपालमा इतिहास लेखनलाई राजा महाराजाको कथा भन्नेहरूको सङ्ख्या प्रशस्तै छ। हुन पनि नेपालमा जे जति इतिहास लेखिए, तीमध्ये अधिकांशले राजा महाराजा वरिपरि फेरो मारेको देखिन्छ। विगतमा जे जस्ता घटनाहरू छन्, तिनीहरूको तथ्यपूर्ण प्रस्तुति नै इतिहास हो। इतिहासकारहरूले जनस्तरको इतिहास लेखनलाई प्राथमिकतामा नराखेकै हुन्। त्यसैले बारम्बार प्रश्न उठ्ने गरेको छ, खोई जनताको इतिहास लेखेको ?

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको पनि डेढ दशक नाघिसकेको छ। अब पनि जनस्तरको इतिहासको खोजीले प्राथमिकता नपाए कहिले पाउने ? तिनै जनस्तरको इतिहासको अध्ययन क्षेत्रभित्र दलित उत्पीडितहरूको इतिहास पनि पर्छ। तर यसतर्फ गम्भीरतापूर्वक चिन्ता र चासो देखा परिरहेको छैन। केवल नारा जुलुश, आमसभा र गोष्ठीहरूले मात्रै दलित उत्पीडितहरूलाई न्याय दिलाउन सक्दैन। उनीहरूका लागि इतिहासको खोजीबाट पनि प्राज्ञिक न्याय प्रदान गर्न सकिन्छ।

दलित उत्पीडितहरूका लागि इतिहास लेखनमा देखा परेको पछिल्लो दर्शन सबाल्टर्न दर्शन उपयोगी देखिन्छ। सबाल्टर्न शब्दको प्रयोग गर्ने पहिलो व्यक्ति इटालियन चिन्तक एन्तोनियो ग्राम्सी हुन्। उनले यो शब्द तल्लो तहका मानिसहरूलाई जनाउन लागि प्रयोग गरेका थिए। इतिहास लेखनमा निम्न स्तर, सुविधाविहीन, उपेक्षित, सिमान्तकृत, अल्पसङ्ख्यक, आवाजविहीन तथा कमजोर अवस्थामा रहेका समुदायका विषयलाई पनि यथोचित रूपमा समेट्नुपर्छ भन्ने दर्शन नै सबाल्टर्न दर्शन हो। इतिहास लेखनमा यो दर्शनलाई व्यवहारमा लागू गर्नेमध्ये भारतीय इतिहासकार रन्जित गुहा मुख्य मानिन्छन्।

नेपालका दलित उत्पीडितहरू नेपालका सिमान्तकृत र आवाजविहीन वर्गमा पर्छन्। तर सबाल्टर्न दर्शनले इतिहास लेखनमा सिमान्तकृत र आवाजविहीनहरूलाई मात्रै समेट्नुपर्छ भन्ने मान्यता राख्दैन। जसरी इतिहास निर्माणमा मुख्य नायकको भूमिका हुन्छ, उसको नेतृत्वलाई सफल बनाउन निम्न तहका कार्यकर्ताको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका हुने हुँदा उनीहरूको भूमिकालाई पनि इतिहास लेखनमा समुचित स्थान दिइनुपर्ने धारणा सबाल्टर्न दर्शनले बोकेको छ।

नेपालको इतिहास लेखनमा राजा महाराजारुपी नायकहरूलाई मात्रै स्थान दिइँदा उनीहरूलाई सफल बनाउने तल्लो तहका मानिसहरूको इतिहासलाई विस्मृत बनाउनुलाई कुनै पनि हालतमा न्यायोचित मान्न सकिन्न। पृथ्वीनारायण शाहलाई नेपालका इतिहासकारहरूले जुन ढङ्गले इतिहास लेखनमा स्थान दिए तर उनलाई सफल बनाउने बिसे नगर्चीलाई उनीहरूले गौण ठानिदिए। उनको विषयमा छुट्टै इतिहास लेख्न इतिहासकारहरूको कलम खासै उत्साहित भएको देखिएन।

यसरी पनि दलित उत्पीडितहरूको इतिहास ओझेलमा पर्न गएको छ। अब दलित उत्पीडितहरूको इतिहासको खोजी र लेखनले पनि उचित स्थान पाउन जरुरी छ। यसका लागि स्वयम् दलित उत्पीडित वर्गबाट पनि इतिहासकारहरू तयार हुनु आवश्यक छ। अरुको भरले होइन, अब आत्मनिर्भरताले तथ्यपूर्ण इतिहास लेखिनुपर्छ। *(लेखक इतिहास अध्ययनमा रुचि राख्नुहुन्छ)*

## चोरीको मदिरा ...

फोडेर मोटरसाइकलमा प्रयोग हुने पार्टपुर्जा, केही नगद र मर्मतका लागी ग्राहकले राखेको प्रदेश २-०१-००२ प ९९६६ नम्बरको एउटा स्कुटर सहित ७ लाख बराबरको धनमाल लगेका छन्।

यस्तै होटलबाट ढोका फुटाएर १ लाख रुपैया बराबरको मदिरा चोरी भएको संचालक मनोज चौधरीले बताए। विहान पख पसल खोल्न आउँदा मात्र चोरी भएको थाहापाएको वर्कशप र होटलका संचालकहरुले बताएका छन।

होटल संचालक चौधरीका अनुसार चोरी गर्न पुगेकाहरुले शोकेशमा मदिरा र नास्ता देखेपछि त्यही वसेर मस्त खानपिन गरेको पाइएको छ।

चोरले मदिरा र नास्ता सेवन गरेको टेवलमा वियरका १, ह्विस्कीका १, रेडबुलका ३ र टेवल मुनी क्यान वियरका ३ वटा खाली बोतल बरामद भएकाले चोरीमा ३/४ जनाको संलग्नता रहेको हुन सक्ने उनले अनुमान ब्यक्त गरेका छन्।

इलाका प्रहरी कार्यालय पातो नजिकै रहेको मुख्य बजारमा यसरी चोरी हुदा स्थानीय चकित भएका छन्। प्रहरी वर्कशपबाट चोरी भएको स्कुटर आईतवार विहान सोही नगरपालिकाको वडा नं. ३ तरही चोक स्थित खेतमा वेवारिसे अवस्थामा फेला पारेको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तीहरुको खोजी गर्नूकका साथै यस सम्बन्धमा यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाग्त मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# 'कार्यविधि बनाएर विकास निर्माणमा उपभोक्ता समिति हटाउने'

जनकपुरधाम, २७ जेठ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंहले प्रदेश सरकारअन्तर्गत उपभोक्ता समितिबाट हुने कामलाई कार्यविधि बनाएर हटाउने बताउनुभएको छ।

आइतबार जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यकक्षमा राससससँगको छलफल तथा भेटघाटमा उहाँले उपभोक्ता समितिबाट हुँदै आएका विकास निर्माणमा व्यापक भ्रष्टाचार हुने गुनासो आएकाले यो प्रणालीलाई कार्यविधि बनाएर विस्तारै हटाउने बताउनुभएको हो।

उहाँले मधेस प्रदेश प्रदेश सरकारले आगामी दिनमा साना विकास निर्माणका योजना सञ्चालन नगर्ने जानकारी दिनुभयो। उपभोक्ता समितिबाट हुने कामलाई बोलपत्र आह्वान प्रक्रियाबाट सञ्चालन गरी सुशासन कायम गर्नमा जोड दिने उहाँले बताउनुभयो।

नवगठित प्रदेश सरकारले विगतका योजना पूरा गर्ने प्रतिबद्धता गर्नुभयो। सर्वोच्च अदालतले सांसद विकास कोष खारेजका सम्बन्धमा गरेको निर्णयको सम्मान गर्दै सांसदहरूले आफ्नो संसदीय क्षेत्रमा सञ्चालन गर्ने योजना तथा कार्यक्रमको खर्च सम्बन्धित मन्त्रालय तथा निकायबाट खर्च गराउने प्रावधान रहेकाले त्यसमा भेदभाव नभएको स्पष्ट पार्नुभयो। मधेस प्रदेश सरकारले संसदीय क्षेत्र विकासका लागि प्रत्यक्ष निर्वाचित सांसदले रु पाँच करोड तथा समानुपातिक सांसदले रु एक करोड ५० लाख परिचालन गर्न पाउने निर्णय गरिसकेको छ।

प्रदेश सरकारका निकाय तथा कार्यालयमा हुने भ्रष्टाचार र ढिलासुस्ती रोक्न छुट्टै अनुगमन निकाय गठन गरी सुशासनमा जोड दिने उहाँले उल्लेख गर्नुभयो।

उहाँले चालू आर्थिक वर्ष समाप्तिको समय भएकोले वर्तमान सरकार बजेट, नीति तथा कार्यक्रम बनाउन व्यस्त रहेको बताउँदै मधेस प्रदेशका एक सय ३६ वटै पालिकामा किसानका लागि विशेष कृषि प्याकेज ल्याउने जानकारी दिनुभयो। धार्मिक तथा ऐतिहासिक महत्व बोकेको जानकी मन्दिरको योजनाबद्ध विकास गरिने उहाँको भनाइ थियो।

## कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी महासेठलाई

काठमाडौं, २७ जेठ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठलाई तोक्नुभएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' भारतका नवनियुक्त प्रधानमन्त्रीको शपथग्रहण समारोहमा सहभागी हुन आइतबार त्यसतर्फ प्रस्थान गर्नुभएकाले प्रधानमन्त्रीको अनुपस्थितिमा उहाँले गर्ने दैनिक प्रशासनिक कार्यका लागि उपप्रधानमन्त्री महासेठलाई जिम्मेवारी तोकिएको हो।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री दाहालको अनुपस्थितिमा उहाँले गर्ने दैनिक प्रशासनिक कार्य नेपालको संविधानबमोजिम प्रधानमन्त्रीको सिफारिसमा उपप्रधानमन्त्री महासेठले सम्हाल्ने गरी तोक्नुभएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।


## राजबिराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश नेपाल

**सूचना सूचना सूचना सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८१/२/२८**

उपरोक्त सम्बन्धमा यस राजविराज नगरपालिका को लागि आ.व. २०८०/८१ मा राजरंगशाला खेलग्राम निर्माण राजविराज ७ कार्य ससर्त तथा राजविराज नगरपालिकाको साझेदारी तर्फ रु. ५८ लाख टेन्डर भई बाँकी रहेकोले उक्त रंगशालाको पुर्व पट्टी अतिक्रमण हटाई कम्पाउण्ड निर्माण गर्न आवश्यक भएको हुँदा निम्न शर्तको अधिनमा रही लाभान्वित समुहबाट प्रतिस्पर्धा गराई सार्वजनिक खरिद नियमावलीको ९७ क बमोजिम कार्य गर्नु पर्ने भएकोले इच्छुक लाभान्वित समुहले रितपूर्वकको शिलबन्दी खाम सहित ५% ले आउने रकम धरौटी सहित ३ (तिन) दिन भित्र प्रस्ताव पेश गर्नु हुन् यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:
- उक्त कार्य चालु आ.ब. को आषाढ १५ सम्ममा कार्य सम्पन्न गर्नु पर्नेछ।
- समय सिमा भित्र सम्पन्न भएको कार्यको मात्र भुक्तानी हुने छ।
- Quality & Quantity बमोजिम कार्य गर्नुपर्नेछ।
- प्रतिस्पर्धाको आधारमा घटीमा कबोल गर्ने लाभग्राही समुहलाई प्राथमिकता दिईनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा निहित रहनेछ।
- निर्माण कार्य गुणस्तरहिन पाएमा निर्माण कार्य यथा सिघ्र रोकिने छ।
- अतिक्रमण हटाउदा हुन सक्ने क्षती को जिमेवार स्वयम लाभावित समुह हुने छ।

बोधार्थ -
श्री जिल्ला प्रशासन कार्यालय, राजविराज, सप्तरी, आवश्यक सहयोग र समन्वयको लागि।
श्री खेलकुद विकास समिति, राजविराज, सप्तरी, आवश्यक सहयोग र समन्वयको लागि।



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा भुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित ब्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी


# विश्व समाचार

## मध्य गाजाको नुसिरात शिविरमा इजरायली हमलाप्रति इजिप्टको कडा निन्दा

कायरो, इजिप्ट, २७ जेठ (रासस/एएनआई)।

इजिप्टको विदेश मन्त्रालयले मध्य गाजाको नुसिरात शिविरमा १५० जना भन्दा बढी प्यालेस्टिनी मारिएका इजरायली हमलाको शनिबार जारी गरेको विज्ञप्तिमार्फत कडा निन्दा गरेको छ।

"यो आक्रमणको परिणामस्वरूप एक सय ५० भन्दा बढी प्यालेस्टिनी नागरिकहरूको मृत्यु हुनुका साथै सयौं घाइते भए छन्। इजरायलले अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनका सबै प्रावधानहरू, मानवता र मानव अधिकारका सबै मूल्यहरूको खुल्लमखुल्ला उल्लङ्घन गर्दछ", विज्ञप्तिमा भनिएको छ।

इजिप्टले यस आक्रमणको लागि स्पष्ट रुपमा इजरायललाई कानुनी र नैतिक रूपमा जिम्मेवार ठहर गर्दै इजरायलले आफ्नो दायित्वको पालना गर्न र प्यालेस्टिनी नागरिकहरू र उनीहरु विस्थापित भएका क्षेत्र लक्षित हमला रोक्न माग गरेको छ", विदेश मन्त्रालयले भन्यो।

विज्ञप्तीमा गाजा पट्टीमा सबै पूर्वाधारको अनावश्यक विनाशको पनि निन्दा गरिएको छ। इजिप्टले गाजाविरुद्ध इजरायली युद्ध तत्काल रोक्न प्रभावशाली अन्तर्राष्ट्रिय दल र सुरक्षा परिषदलाई आह्वान गरेको छ।

"इजिप्टले ३६ हजार भन्दा बढी मानिसको ज्यान लिएको यो मानवीय सङ्कट अन्त्य गर्न जिम्मेवार निकायको आवश्यकतामा जोड दिएको मार्फत जानकारी गराइएको छ। विज्ञप्तिमा गाजा पट्टीभरि पूर्ण युद्धविराम हासिल गर्ने अनिवार्यता र क्षेत्रमा सबै क्रसिंगहरू मार्फत मानवीय सहायता र राहत आपूर्तिको अप्रतिबंधित प्रवेशलाई जोड दिइएको छ।

## गाजाबाट चार इजरायली बन्धकहरुको उद्धार

तेल अवीव,इजरायल, २७ जेठ (रासस/एएनआई)।

इजरायली विदेश मन्त्रालयले शनिबार नुसिरातमा अपरेसनको क्रममा गाजामा हमासको बन्दीबाट चार जना बन्धकहरूको सफलतापूर्वक उद्धार भएको घोषणा गरेको छ। हमास लडाकु समुहले अक्टोबर ७ मा 'नोभा' सङ्गीत महोत्सवमा चारै जनालाई बन्धक बनाएको थियो।

इजरायली रक्षा बल, इजरायली सुरक्षा एजेन्सी र इजरायली प्रहरीको संयुक्त विज्ञप्तिमा अधिकारीहरूले मध्य गाजा पट्टीमा जारी विशेष अपरेसनमा चारजनालाई फेला पारिएको बताएका हुन्।

"शनिबार बिहान नुसिरातमा संयुक्त आईडीएफ, आइएसए र इजरायल पुलिस (यामाम)को संयुक्त अपरेसनमा हमासले बन्धक बनाएको नोआ अर्गामानी, अल्मोग मीर जान, आन्द्रे कोज्लोभ र स्लोमी जिभ गरि चार इजरायली बन्धकहरूलाई उद्धार गरिएको छ।

उनीहरुलाई नुसिरातको दुईवटा छुट्टै स्थानबाट उद्धार गरिएको थियो", विज्ञप्तिमा जानकारी गराइएको छ।

इजरायली विदेश मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत उक्त विज्ञप्तीलाई पुष्टि गर्दै सबै बन्धकहरु सुरक्षित रहेको र हाल अस्पतालमा सारिएको बताएको छ। "उनीहरूको स्वास्थ्य अवस्था राम्रो छ र थप मेडिकल जाँचका लागि 'सेबा' तेल-हासोमर मेडिकल सेन्टरमा सारिएको छ। चारजनालाई हमास लडाकु सङ्गठनले अक्टोबर ७ मा 'नोभा' सङ्गीत महोत्सवबाट उनीहरुलाई अपहरण गरेको थियो", मन्त्रालयले जानकारी गरायो।

अक्टोबर ७ देखि गाजामा इजरायली सेनाको आक्रमणमा कम्तीमा ३६ हजार ८०१ प्यालेस्टिनी मारिएका र ८३ हजार ६८० घाइते भएको र पछिल्लो २४ घण्टामा ७० जना प्यालेस्टिनी मारिएको र १ सय ५० जना घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

## अन्तर्राष्ट्रिय समुदायलाई समुद्र बचाउन राष्ट्रसंघा प्रमुखको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २७ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले शनिबार संकटग्रस्त समुद्रलाई बचाउने कदम चाल्न अन्तर्राष्ट्रिय समुदायसमक्ष आह्वान गर्नुभएको छ।

"समुद्रले पृथ्वीका सबै जीवनलाई जोगाउँछ र बढाउँछ, तर हाम्रो समुद्र सङ्कटमा छ र यसको दोषी हामी हौं",महासचिवले हरेक वर्ष जुन ८ मा मनाइने विश्व महासागर दिवसका लागि दिएको सन्देशमा बताउनुभयो।

गुटेरेसले "बढ्दो समुद्रलाई उत्प्रेरित गर्ने जलवायु परिवर्तनले साना टापु, विकासोन्मुख राज्यहरू र तटीय जनसङ्ख्याको अस्तित्वलाई खतरा पुर्‍याउनुका साथै हामी सबैलाई असर गर्ने चरम मौसम घटनाहरू पनि निम्त्याइरहेको छ", गुटेरेसले बताउनुभयो।

उहाँले समुद्री अम्लीकरणले समुद्री जैविक विविधता र स्थानीय पर्यटनलाई जोखिममा पार्ने र अस्थिर तटीय विकास, अत्यधिक माछा मार्ने, गहिरो समुद्री खानी, अनियन्त्रित प्रदूषण, र प्लास्टिक फोहोरले विश्वभरका समुद्री पारिस्थितिक प्रणालीको विनाश गर्ने जानकारी गराउनुभयो।

गुटेरेसले गत वर्ष जुनमा लागू गरिएको समुद्री कानून सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गतको "राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रहरूको समुद्री जैविक विविधताको संरक्षण र दिगो प्रयोग" महासन्धीलाई समुद्री शासन सम्बन्धी सबैभन्दा महत्त्वपूर्ण नयाँ सन्धिको रूपमा वर्णन गर्नुभएको छ।

यस वर्ष हुने "भविष्यको शिखर सम्मेलन" र अर्को वर्ष फ्रान्समा हुने "संयुक्त राष्ट्र महासागर सम्मेलन"का महत्वपूर्ण अवसरहरूको उल्लेख गर्दै गुटेरेसले सरकार, व्यवसाय, लगानीकर्ता, वैज्ञानिक र समुदायहरूलाई "हाम्रो बहुमूल्य समुद्री र तटीय पारिस्थितिक प्रणालीको पुनर्स्थापना र संरक्षण गर्न सक्ने कार्य गर्न प्रतिबद्ध हुन" आह्वान गर्नुभयो।

# तराईमा तातो हावाको लहर बढ्नसक्ने, सतर्कता अपनाउन अनुरोध

काठमाडौँ, २७ जेठ (रासस) ।

जल तथा मौसम विज्ञान विभागले आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था विश्लेषण गर्दा तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहने भएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महशाखाले गर्मी बढ्ने भएकाले आवश्यक तयारीका साथै सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ । विभागका मौसमविद् विनु महर्जनले मुख्यगरी तराईका साथै सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा गर्मी बढ्ने अनुमान गरिएको जानकारी दिनुभयो ।

विभागले भनेको छ, "तराईका भूभागमा जेठ २८ गतेसम्म तातो हावासँगै तातो लहर 'लू' को सम्भावना रहेकाले त्यसको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।" मौसमविद् महर्जनका अनुसार यसअघि नेपालगञ्जमा यो वर्षको सबैभन्दा बढी ४४.२ डिग्री र धनगढीमा ४४.१ डिग्री तापक्रम मापन भएको थियो ।

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरमा थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता हुनेलगायत रहेकाले सोबाट बच्नुपर्ने मौसमविद् महर्जनको भनाइ छ ।

"तातो हावा तथा लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्रै वा चिसो स्थानमा बस्ने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नहिँड्ने, हल्का सुतीका कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिने गर्नुपर्छ", उहाँले भन्नुभयो ।

विभागका अनुसार हाल नेपालमा स्थानीय वायु, पश्चिमी वायु तथा बिहार आसपास बनेको न्यूनचापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ । आइतबार कोशी प्रदेशलगायत देशको पहाडी भूभागमा आंशिक बदली रहनुका साथै बाँकी भूभागमा मौसम सफा रहने जनाइएको छ ।

कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका थोरै स्थानमा तथा बाँकी भूभागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ । विभागले दिएको जानकारी अनुसार लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हुरीको सम्भावना रहेको छ ।

## राजबिराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश नेपाल

### सूचना सूचना सूचना सूचना
**प्रथम पटक प्रकाशित मितिः२०८१/२/२८**

उपरोक्त सम्बन्धमा यस राजविराज नगरपालिका को लागि आ.व. २०८०/८१ मा एकिकृत फोहरमैला व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्मण कार्य ससर्त तर्फ रु. १ करोड पचास लाख प्राप्त भएकोमा यस ना. पा. ले फोहोर ब्यबस्थापन केन्द्र निर्माणको लागि भाडामा लिएको जग्गामा कम्पाउण्ड निर्माण गर्न आवाश्यक भएको हुँदा निम्न शर्तको अधिनमा रही लाभान्वित समुहबाट प्रतिस्पर्धा गराई सार्वजनिक खरिद नियमावलीको ९७ क बमोजिम कार्य गर्नु पर्ने भएकोले इच्छुक लाभान्वित समुहले रितपूर्वकको शिलबन्दी खाम सहित ५% ले आउने रकम धरौटी सहित ३ (तिन) दिन भित्र प्रस्ताब पेश गर्नु हुन् यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

-उक्त रकम फ्रिज हुने भएकोले चालु आ.ब. को आषाढ १५ सम्म सम्पन्न गर्नु पर्नेछ ।
-उक्त कार्यको म्याद थप हुने छैन ।
-समय सिमा भित्र सम्पन्न भएको कार्य को मात्र भुक्तानी हुनेछ ।
-Quality & Quantity बमोजिम कार्य गर्नुपर्नेछ ।
-प्रतिस्पर्धाको आधारमा घटीमा कबोल गर्ने लाभग्राही समुहलाई प्राथमिकता दिईनेछ ।
-प्रस्ताब स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा निहित रहनेछ ।
- निर्माण कार्य गुणस्तरहिन पाएमा निर्माण कार्य यथा सिघ्र रोकिने छ ।




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*